मिति २०८०।०६।२२गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८०।०६।२२ गते।

बैठक बसेको समयः बिहान ८.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर बिक | गाउँ कार्यपालिका सदस्य | |
| श्री पदम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | |
| अन्य उपस्थितिः | | | |
| श्री युवराज काफ्ले, शिक्षा अधिकृत | | | |
| श्री प्रेमबहादुर लुङ्गेली, जिन्सी शाखा | | | |
| श्री विमलराज काफ्ले, लेखा सहायक | | | |
| श्री विनिता लामा, सूचना प्रविधि अधिकृत | | | |

श्री चन्द्रिका थापा, का. प्र.

श्री ताराताथ अधिकारी, का. प्र. पाना नं. १

मिति २०८०।०६।२२गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको वैठकको उपस्थिति, प्रस्ताव र निर्णय

**प्रस्तावहरु:**

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्वन्धित शाखा/वडा/विषयगत समिति |
|---|---|---|
| १. | ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्कका सम्वन्धमा | पूर्वाधार विकास शाखा |
| २ | श्री गौरीशंकर कृषि तथा पशुपंक्षी महिला समूहसँगको साझेदारीमा खरिद गरिएको सवारीसाधनको साझेदारी रकम उक्त समूहलाई भुक्तानी गर्ने सम्वन्धमा । | आर्थिक प्रशासन |
| ३. | जिल्ला प्रशासन कार्यालयमा नियुक्त गरिएको करार कर्मचारीको तलव उपलव्ध गराउने सम्वन्धमा | आर्थिक प्रशासन शाखा |
| ४. | WASH कार्यक्रमको लागि लागत साझेदारी गर्ने सम्वन्धमा | पूर्वाधार विकास शाखा |
| ५. | हलुका सवारी चालकको पदपूर्तिका सम्वन्धमा | प्रशासन शाखा |
| ६. | व्याडमिन्टन संघ सिन्धुली र जिल्ला ट्राफिक प्रहरी कार्यालय सिन्धुलीलाई सहयोग उपलव्ध गराउने सम्वन्धमा | आर्थिक प्रशासन शाखा |
| ७. | WASH सम्वन्धी एकिकृत कानून निर्माण सम्वन्धमा | विधायन समिति |
| ८. | सडक मर्मत सम्भारका लागि प्रयोग भएको इन्धनको रकम भुक्तानी सम्वन्धमा | आर्थिक प्रशासन शाखा |
| ९ | प्रहरी चौकीहरूलाई मौला पूजाका लागि आर्थिक सहयोग उपलव्ध गराउने सम्वन्धमा | आर्थिक प्रशासन शाखा |
| १० | मोटरसाइकल खरिदका लागि थप रकम व्यवस्थापन सम्वन्धमा | आर्थिक प्रशासन शाखा |
| ११ | विविध | सवै |

मिति २०८०।०६।२२गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

निर्णय नं. (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८०।०४।१९ गते प्रथम पटक र मिति २०८०।०५।३१ गते दोस्रो पटक ढुङ्गा, गिट्टी, वालुवा,माटो,दहत्तर बहत्तर शुल्कका सम्बन्धमा ठेक्का आह्वान गर्दा समेत ठेक्का नलागेको विषयमा बैठकमा छलफल भयो ।छलफल पश्चात बागमती प्रदेशको आर्थिक ऐन २०८० को दफा ९ अनुसूची ५ मा उल्लेखित दरमा गाउँपालिका कार्यालयमा अग्रिम राजस्व दाखिला गरी उत्खननको कार्य गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।उक्त कार्यको अनुगमन गर्नको लागि नगर प्रहरी तथा नेपाल प्रहरी परिचालन गर्ने निर्णय सर्वसम्मत पारित गरियो। यस पालिका क्षेत्र भित्र निर्माण कार्य गर्ने निर्माण व्यवसायीले BOQ को आधारमा अग्रिम रुपमा राजश्व दाखिला गराउने तथा हालसम्म Stock गरी राखिएका निर्माण सामाग्री मूल्याङ्कन गरी राजश्व दाखिला पश्चात मात्र विक्रि वितरण गर्न अनुमति दिने निर्णय गरियो। साथै यस गाउँपालिकामा रहेर काम गर्ने सम्पूर्ण ट्रक, ट्रयाक्टर अनिवार्य रुपमा सूचीकृत गर्न सूचना प्रकाशन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा कृषिजन्य उपजको प्रवर्द्धनका लागि विगतमा ७ नं. वडा तोश्रामखोला स्थित श्री गौरीशंकर कृषि तथा पशुपंक्षी महिला समूहसँगको साझेदारीमा खरिद गरी उक्त समूहलाई यस अघि हस्तान्तरण गरिएको सवारीसाधन गाउँ कार्यपालिकाको मिति २०८० भदौ २२ गतेको निर्णयबाट यस कार्यालयमा नै फिर्ता ल्याई सवारीसाधनमा गाउँपालिका र उक्त समूहबाट भएको लगानी र हालसम्मको आम्दानी समेतलाई विश्लेषण गरी १५ दिनभित्र कार्यपालिकामा प्रतिवेदन पेस गर्न समिति गठन गरिएकोमा उक्त समितिका सदस्य श्री यान्त्रिक कार्यालय खुर्कोटका मेकानिकल इन्जिनियर श्री अर्जुन मिश्रबाट प्रास मूल्याङ्कन प्रतिवेदनमा सवारी साधनको वजार मूल्य रु. २४,५०,०००।- उल्लेख भएको र उक्त सवारी खरिदका क्रममा गाउँपालिका कार्यालय र समूहको लगानी अनुपातका आधारमा हाल कायम मूल्य २४,५०,०००।- मध्ये सो समूहलाई रकम रु ११,४९,०५०।- यस कार्यालयको चालु आ व मा विनियोजित विविध खर्च शीर्षकबाट भुक्तानी उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने साथै सवारी साधन प्रयोग अवधिभर उक्त समूहले आर्जन गरेको मुनाफा रकम सोही कृषि तथा पशुपंछी समूह प्रवर्द्धनका लागि सहुलियत प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालयमा राहदानी सम्वन्धी कामका लागि नियुक्त करार कर्मचारीलाई सिन्धुली जिल्लास्थित सवै स्थानीय तहहरुको सहभागितामा तलवभत्ता उपलब्ध गराउने निर्णय भए मुताविक जिल्ला प्रशासन कार्यालयबाट भुक्तानी माग भई आएको रकम चालु आ व मा विनियोजित वजेट करार सेवा शुल्क शीर्षकबाट भुक्तानी उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा ह्याण्ड्स नेपाल र यस गाउँपालिकाको साझेदारीमा निर्माण हुँदै गरेको खानेपानी सरसफाइ तथा स्वच्छता योजना अद्यावधिकका लागि लागत अनुमानमा उल्लेखित रकम रु ५,०४,१८०।- मध्ये उक्त संस्थाको तर्फबाट रकम रु ३,००,०००।- र गाउँपालिका कार्यालयको तर्फबाट रकम रु २,०४,१८०।- हुने गरी लागत साझेदारी गर्ने र साझेदारीको रकम चालु आ व मा विनियोजित शीर्षकबाट भुक्तानी उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा श्री गौरीशंकर कृषि तथा पशुपंछी महिला समूहबाट यस कार्यालयमा फिर्ता ल्याइएको डबल क्याब वोलेरो कार्यालय प्रयोजनका लागि चलाउन आवश्यक हलुका सवारी चालक संख्या १ (एक) पदपूर्तिको प्रक्रिया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय पारित गरियो ।

निर्णय नं. (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा सिन्धुली व्याडमिन्टन संघको आयोजनमा मिति २०८० असोज १९ र २० गते आयोजना भएको जिल्ला स्तरीय व्याडमिन्टन प्रतियोगिता सञ्चालनका लागि उक्त संघबाट यस गाउँपालिका समक्ष माग भई आएको सहयोग रकम रु ४०,००० जिल्ला व्याडमिन्टन संघ सिन्धुलीलाई चालु आ व मा विनियोजित वजेट शीर्षक विभिन्न खेलकुद प्रतियोगितामा सहभागिता तथा सहयोगबाट भुक्तानी उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने साथै जिल्ला ट्राफिक कार्यालय सिन्धुलीलाई एक थान प्रिन्टर मेसिन यसै कार्यालयबाट खरिद गरी सहयोग स्वरुप हस्तान्तरण गर्ने निर्णय समेत सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. (७)

प्रस्ताव नं. (७) माथि छलफल गर्दा तीनपाटन गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजना सम्बन्धी एकीकृत कानून निर्माणका लागि साझेदार संस्थासँगको समन्वयमा मस्यौदा निर्माण गर्न विधायन समितिलाई अनुरोध गर्ने निर्णय पारित गरियो।

निर्णय नं. (८)

प्रस्ताव नं. (८) माथि छलफल गर्दा तीनपाटन गाउँपालिका सडक मर्मत सम्भार कार्यका लागि प्रयोग हुने इन्धन गाउँपालिका कार्यालयबाट उपलब्ध गराउने गाउँ कार्यपालिकाको मिति २०८० असोज ११ को निर्णय नं. ८ बमोजिम इन्धन वापत खर्च भएको रकम चालु आ व मा मर्मत सम्भार कोषमा विनियोजित रकममध्येबाट भुक्तानी उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय पारित गरियो ।

निर्णय नं. (९)

प्रस्ताव नं. (९) माथि छलफल गर्दा वडादशैंको फूलपातीका दिन रीत परम्परा अनुसार मनाइने मौला पूजा गर्नको लागि देहायका प्रहरी चौकीहरुलाई प्रति चौकी अधिकतम रु २०,०००।- का दरले चालु आ व मा विनियोजित अन्य संस्था सहायता शीर्षकवाट आर्थिक सहयोग उपलव्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

देहायः

१. इ प्र का बेलघारी
२. प्रहरी चौकी बाङ्गीङ
३. प्रहरी चौकी चकमके
४. प्रहरी चौकी तोश्रामखोला वाहुनतिल्पुङ

निर्णय नं. (१०)

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा यस गाउँपालिकाको रोजगार सेवा केन्द्र सुदृढीकरण शीर्षकमा विनियोजित शसर्त अनुदान रकमबाट मोटरसाइकल खरिद गर्ने र उक्त शीर्षकमा विनियोजित शसर्त अनुदान रकम रु २००००० मा नपुग हुने थप रकम चालु आ व मा विनियोजित आकस्मिक कोष (पूँजीगत) शीर्षकवाट भुक्तानी गर्ने गरी नियमानुसार खरिद प्रक्रिया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

विविधः

श्री प्राथमिक विद्यालय चकमके को च.नं.१३, मिति २०८०।०६।२२ गतेको पत्रवाट वर्षाको कारणले क्षेती भएको विद्यालयको कम्पाउन्ड निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरिदिन भनी अनुरोध गरे वमोजिम यस गाउँपालिकाको चालु आ व मा विनियोजित आकश्मिक कोष (पूँजीगत) वाट खर्च हुने गरी रु २,००,०००।- कार्यसम्पन्न पश्चात विद्यालयलाई भुक्तानी गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।